# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

मितिः

**भीमेश्वर नगरपालिकामा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धि सुचना**

(प्रथम पटक प्रकासित मिति : २०७८।०९।११)

यस नगरपालिकाको साझेदारीमा कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्न वनेको भीमेश्वर नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ कृषि तथा पशु उद्यम कार्यविधिको अधिनमा रहि आर्थिक वर्ष २०७८/७९ देखी शुरु गरी बहुवर्षिय रुपमा सञ्चालन गरिने भीमश्वर नगरक्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल बमोजिमका विवरणहरु सहित प्रतावना पेश गर्न आव्हान गरिएकोछ। योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन।

**प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछ :**

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको।
- स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको।
- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्यश्रृङ्खलाको क्षेत्रमा अनुभव भएको।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवर्द्धनमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि कार्य गरेको।
- कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकास सम्वन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको।
- नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानिय वा प्रदेश सरकारसंगको साझेदारी गरि काम गरेको अनुभव भएको।

लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजना सँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गनुपर्नेछ। संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालनई प्राथमिकता दिइने छ। संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि नियमित समन्वय मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदिवारे जानकारी नगरपालिकाको योजना शाखावाट प्राप्त गर्न सक्नेछन्।

२०७८।९।११

प्रमुख प्रशासकीय अधिकृत

# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मितिः


**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।
- आ.व.०७७/०७८ को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
- स्थायी लेखा नम्वर र आ.व. ०७७/०७८ को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति ।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना भीमेश्वर नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाम मा शिलवन्दी गरिएको १/१ प्रति ।
- परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेवसाइट www.bhimeshwormun.gov.np बाट डाउनलोड गरि वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति ।

प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।
भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा ।

सम्पर्क नं ०४१००,०४९-४२१४९१ ईमेल info@bhimeshwormun.gov.np वेब साईट : www.bhimeshwormun.gov.np